**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**

**गण्डकी प्रदेश कार्यालय**

# कर्मचारीले अवलम्बन गर्नुपर्ने आचरण तथा अनुशासन ,

## परिषद्को गण्डकी प्रदेश कार्यालय कास्की र प्रदेश अन्तर्गतका शिक्षालयहरुमा कार्यरत कर्मचारीले जनतालाई सेवा प्रदान गर्दा निम्नानुसारका आचरण तथा नैतिक दायित्वहरु अवलम्बन गर्नुपर्छ ।

**१. समय पालन र नियमितता:** (१) कर्मचारीको सबै समय परिषद्को अधीनमा हुनेछ र कार्यालय प्रमुखले जुनसुकै समयमा पनि निजलाई काममा लगाउन सक्नेछ ।

(२) कर्मचारीले परिषद् बाट निर्धारित समयमा नियमितरूपले आफ्नो कार्यालयमा हाजिर भई कामकाज गर्नुपर्नेछ र सकेसम्म विदाको पूर्व स्वीकृति नलिई अनुपस्थित हुनु हुँदैन ।

२. **अनुशासन र आज्ञापालन:** (१) कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्यको पालना मेहनत र तत्परताको साथ गर्नु पर्छ ।

(२) कर्मचारीले कार्यालयको काम सम्बन्धी विषयमा आफूभन्दा माथिको कर्मचारीले दिएको आज्ञा आदेशलाई शीघ्रताका साथ पूरा गर्नुपर्नेछ ।

(३) कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरू प्रति उचित आदर देखाउनुपर्नेछ र आफू मुनिका कर्मचारीहरू प्रति न्यायपूर्ण, स्नेहपूर्ण तथा शिष्ट व्यवहार गर्नुपर्नेछ ।

(४) कर्मचारीले कार्यालयको सम्पर्कमा आउने व्यक्तिसँग नम्रतापूर्ण तथा शिष्टतापूर्ण व्यवहार गर्नुपर्नेछ ।

(५)प्रत्येक कर्मचारी कार्यालयमा उपस्थित हुँदा नेपाल सरकारले तोके वमोजिमको पोशाक र परिचय पत्र लगाउनु पर्नेछ ।

(६) कर्मचारीले कार्यालयको कार्य सञ्चालनको निमित्त समयसमयमा लागू गरिएका ऐन, नियम, विनियम, परिपत्र र व्यवस्था तथा परिषद्ले दिएका आदेश निर्देशनको पालना गर्नुपर्नेछ ।

(७) कार्यालयका कर्मचारीले आफ्नो कार्यालय तथा पद अनुसार बहन गर्नपर्ने जिम्मेवारीलाई मर्यादापूर्वक वहन गरी निष्पक्ष, स्वच्छ, इमान्दारी, मितव्ययी तथा छिटो छरितो रूपमा सम्पादन गर्नुपर्नेछ ।

(८) कर्मचारीले कार्यालय समयमा कार्यालयको हाताभित्र मादक पदार्थ वा लागू पदार्थ सेवन गर्ने, गराउने, गर्न प्रोत्साहन गर्ने वा मादक वा लागू पदार्थ सेवन गरी वा नगरी आफू भन्दा माथिल्लो वा कुनै कर्मचारीलाई गाली गलौज वा अभद्र व्यवहार गर्न पाइनेछैन । त्यसो गरेमा त्यस्ता कर्मचारीलाई विभागीय कारवाही गरिनेछ ।

**३. इमान्दारिता:** कर्मचारीले आफ्नो जिम्मेवारीको कार्य सम्पादन गर्दा सदैव परिषद्को भलो चिताई इमान्दारी तथा वफादारीका साथ गर्नुपर्नेछ ।

४. **यातना दिन नहुने:** (१) कार्यालयका  कर्मचारीले कसैलाई पनि मानसिक तथा शारीरिक यातना दिनु हुँदैन ।

(२) कार्यालयका  कर्मचारीले यौनजन्य दुव्र्यवहार गर्नु हुँदैन र लैङ्गिक तथा वर्ग विभेद हुने शब्दहरु प्रयोग गर्न पाइने छैन ।

**५. सेवाग्राही प्रतिको व्यवहार:** (१) कार्यालयका कर्मचारीले आफ्नो कामसँग सम्बन्धित सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(२) सेवाग्राहीको कामसँग सम्बन्धित विषय, प्रक्रिया र कार्य सम्पादन गर्न लाग्ने समय समेतको स्पष्ट जानकारी सेवाग्राहीलाई यथासमयमा गराउनु पर्नेछ ।

६. **राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न नहुने:** आफ्नो सेवा सम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले अन्य कर्मचारीमाथि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुँदैन ।

**७. राजनीतिमा भाग लिन नहुने:** कार्यालयका  कर्मचारीले कुनै पनि किसिमको राजनीतिमा भाग लिन हुंदैन ।

**८. गोपनियता:** कुनै कर्मचारीले ओहदाको कर्तव्य पालन गर्दा ज्ञात हुन आएको कुनै कुरा वा परिषद्, प्रदेश कार्यालय वा अन्य माध्यमबाट प्राप्त गरेको वा आफूले लेखेको वा सङ्कलित गरेको कुनै कागजपत्र वा समाचार सदस्य–सचिवको स्वीकृति विना प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट परिषद्को अनधिकृत कर्मचारी, परिषद् बाहिरका व्यक्ति, प्रेस, रेडियो वा टेलिभिजनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सङ्केत वा प्रकट गर्न

पाउनेछैन। यो प्रावधान परिषद्को सेवामा रहेको व्यक्ति परिषद्को सेवामा नरहे पनि लागू हुनेछ। तर, सूचना अधिकारीको हैसियतले कार्यालयको अहित नहुने गरी समय समयमा कार्यालयको काम कारवाही सम्बन्धमा सत्य तथ्य कुरा प्रेस, रेडियो वा टेलिभिजनबाट सूचना, समाचार वा अन्तर्वार्ता दिन भने यस विनियमले बाधा पुर्‍याएको मानिनेछैन। यसका लागि प्रदेश निर्देशकको स्वीकृती लिनुपर्नेछ।

**९. नेपाल सरकार तथा परिषद्को आलोचना**: कुनै कर्मचारीले कुनै पत्र पत्रिकामा आफ्नो वास्तविक वा काल्पनिक नामबाट नेपाल सरकार वा परिषद्लाई आरोप आउने गरी नेपाल सरकार वा परिषद्ले अपनाएको वा अवलम्बन गरेको नीतिको विरुद्ध लेख्न, प्रचार गर्न वा कुनै सञ्चारको माध्यमबाट प्रकाशन वा प्रसारण गर्न गराउन पाउनेछैन। तर, कर्मचारीले आर्थिक, कानूनी, साहित्यिक, कलात्मक, ऐतिहासिक वा वैज्ञानिक आदि खोजपूर्ण विषयमा लेख लेख्न वा प्रचार प्रसार गर्न गराउन सक्नेछ।

**१०. दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिनमा प्रतिबन्धः** (१) कार्यालयको काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कर्मचारीले परिषद्को स्वीकृति विना कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, उपहार माग्नु वा स्वीकार गर्नु वा आफ्नो परिवारको कुनै सदस्यबाट स्वीकार गराउन पाउनेछैन।

(२) कर्मचारीले परिषद्को पूर्व स्वीकृति वेगर चन्दा माग्न वा कुनै किसिमको आर्थिक सहायता लिन पाउनेछैन।

(३) कुनै कर्मचारीले आफुले गर्नुपर्ने परिषद्को वा कार्यालयको कामसँग सम्बन्ध भएको कुनै पनि व्यक्ति वा कर्मचारीसंग सापटी लिन अथवा निजसंग आर्थिक कारोवार गर्न पाउनेछैन।

**११. कम्पनीको स्थापना र सञ्चालन वा व्यापार व्यवसाय गर्ने सम्बन्धी व्यवस्था**

(१) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम सञ्चालन गर्ने उद्देश्यले कम्पनीको स्थापना, रजिष्ट्रेशन वा सञ्चालन गर्न वा अरुको नामबाट संस्था संचालन गराई त्यस्तो संस्थाको सञ्चालनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन पाइने छैन।

(२) परिषद्को स्वीकृति लिई परिषद्को उद्देश्य र नीति विपरित नहुने गरी पेशागत सेवा प्रदान गर्न, कुनै व्यापार वा व्यवसाय गर्न र अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न पाइनेछ। यस्तो स्वीकृति सदस्य–सचिव बाट लिनु पर्नेछ।

(३) उप–विनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी तथा परिषद् नीति विपरीत नहुने गरी कर्मचारीले साहित्यिक, कलात्मक, ऐतिहासिक वा वैज्ञानिक कार्य गर्न सक्नेछ।

**१२.निर्वाचनमा भाग लिन नहुने:** कर्मचारीले कुनै पनि राजनैतिक पदको लागि हुने निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा कुनै प्रकारको प्रभाव पार्न हुँदैन । तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानूनबमोजिम आपूmले पाएको मतदानको अधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

**१३. स्थायी आवासीय अनुमति लिन नहुने:** परिषद् मा कार्यरत कर्मचारीले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि निवेदन दिनु हुँदैन ।

**१४.प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध:** परिषद्का कर्मचारीले नेपालराज्यको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरी, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादा तथा अदालतको निर्णयको अवहेलना हुने गरी, विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायहरुका बीच वैमनस्यता उत्पन्न गराउने वा साम्प्रदायिक दुर्भावना फैलाउने गरी वा कुनै अपराधलाई प्रश्रय हुने गरी प्रदर्शन गर्न, हड्तालमा भाग लिन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन ।

**१५. हडताल, थुनछेक तथा घेराउ गर्नमा प्रतिबन्ध:** कार्यालयका कर्मचारीले कुनै पनि कार्यालय वा कर्मचारीलाई कानूनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधा विरोध हुने गरी हडताल वा कलमबन्द गर्न तथा शारीरिक वा मानसिक उत्पिडन हुने गरी दवाब दिन वा सो गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन । तर प्रचलित ट्रेड युनियन सम्बन्धी कानूनमा लेखिएकोमा सोही वमोजिम हुनेछ ।

**१६. प्रतिनिधित्व गर्नमा प्रतिबन्ध:** परिषद्का कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैँले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन बाहेक अरु कर्मचारी वा कर्मचारी समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन । तर प्रचलित कानूनद्वारा मान्यता प्राप्त कर्मचारीको पेशागत संघ / संगठनहरु वा आधिकारिक ट्रेड युनियनको तर्फबाट गरिने प्रतिनिधित्वलाई यस विनियमले बाधा पुर्याएको मानिनेछैन ।

**१७. कर्मचारीको संस्थाको सदस्यता:** (१) अधिकृतस्तर प्रथम तथा द्वितीय श्रेणी, अधिकृत कार्यालय प्रमुख र व्यवस्थापकीय जिम्मेवारी दिइएका अधिकृत कर्मचारीले कर्मचारीहरूको कुनै पनि पेशागत संघ / संगठनको सदस्य बन्न वा त्यस्ता संघ संगठनको तर्फबाट कुनै किसिमले प्रतिनिधित्व गर्न पाउने छैन । तर

कर्मचारीले मेडिकल एसोसियसन, इन्जिनियर्स एसोसियसन, वार एसोसियसन, चार्टर्ड एकाउण्टेण्टस् एसोसियसन जस्ता पेशागत संघ/संगठन र सामाजिक तथा धार्मिक संघ/संस्थाको सदस्य बन्न पाउनेछ ।

**१८. बहुविवाह र बालविवाहमा प्रतिबन्धः** कर्मचारीले प्रचलित कानूनको विपरीत हुने गरी बहुविवाह र वालविवाह गर्नु गराउनु हुँदैन।

**१९. विविध** :प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५, नियमावली २०५१ सुशासन व्यवस्थापन संचालन ऐन २०६४, नियमावली २०६५, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् कर्मचारी सेवा शर्त तथा सुबिधा सम्बन्धी विनियमावली २०६९ र अन्य प्रचलित कानुन वमोजिमका आचरण सम्बन्धी व्यवस्थालाई समेत पालना गर्नुपर्नेछ।